दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १०० | बुटवल | २०८१ चैत २४, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Apr. 06, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## तीनकुने घटनाको निष्पक्ष छानबिन हुन्छ : प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले गत चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनपछिको घटनामा निष्पक्ष छानबिन हुने दाबी गरेका छन् । थाइल्यान्डको भ्रमण सकेर शनिबार स्वदेश फर्किएका प्रधानमन्त्री ओलीले विमानस्थलमा यस्तो बताएका हुन् ।

उनले सबै विषयमा न्यायिक छानबिनकै आवश्यकता नहुने बताउँदै निष्पक्ष छानबिन सरकारले गर्ने जिकिर गरे ।

'न्यायिक छानबिन नहुन पनि सक्छ, हुन पनि सक्छ । तर, छानबिन निष्पक्ष हुन्छ,' प्रधानमन्त्री ओलीले भने-'सबै कुरामा न्यायिक छानबिन नै हुनुपर्छ भन्ने छैन । त्यो हामी विचार गर्छौं । निष्पक्ष छानबिन गर्ने कि न्यायिक छानबिन गर्ने भनेर ।'

तीनकुनेमा भएको प्रदर्शनका क्रममा पक्राउ परेकामध्ये ७८ जनालाई प्रहरीले मुद्दा चलाएको छ । प्रहरीको रिपोर्ट अनुसार सो दिन २० राउन्ड गोली चलाइएको थियो ।

## उच्चको आदेशविरुद्ध रास्वपा सर्वोच्च जाने



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई थुनामा पठाउने उच्च अदालत तुलसीपुरको बुटवल इजलासले आदेशविरुद्ध सर्वोच्च अदालत जाने भएको छ । पार्टीले भरतपुरमा आयोजना गरेको जनयात्रा शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै उपसभापति डा.स्वर्णिम वाग्लेले उच्च अदालतको आदेशविरुद्ध सोमबार सर्वोच्च जाने सुनाएका हुन् ।

'रवि लामिछानेको मुद्दालाई अस्त्रीकरण गरिएको छ । उहाँले हिरासत बस्दा ८४ दिन केके भयो सुनाउने भन्नु भएको थियो । त्यही भन्न नदिन हतकण्डा अपनाइयो,' वाग्लेले भने-'अब रविजीकै सल्लाह बमोजिम अघि बढ्छौँ । सोमबार यो गैरकानुनी प्रतिशोधपूर्ण देखिने जुन अभ्यास भएको छ । त्यसलाई सर्वोच्च अदालतमा लैजान्छौँ ।'

उनले रविको सांसद पद निलम्बनको विषयलाई अन्तर्राष्ट्रियकरण गर्ने पनि बताए । 'उहाँको सांसद पद निलम्बनमा राखिएको छ । पूर्पक्षका लागि थुनामा पठाएपछि प्रतिनिधिसभाको कुनै नियमावलीलाई फेरि टेक्ने बुझिएको छ,' उनले भने-'सांसद पदको मुद्दा अन्तर्राष्ट्रियकरण गर्ने गरी अघि बढ्ने प्रण गरेका छौँ ।'

उनले अहिलेको सरकारको औचित्य नभएको भन्दै यसको निकास खोज्न रास्वपा तयार भएको पनि बताए । शुक्रबार साँझ बुटवलको सुप्रिम सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा रास्वपाका सभापति रवि लामिछानेलाई थुनामा पठाउने आदेश भएको हो ।

उच्च अदालत तुलसीपुरको बुटवल इजलासका न्यायाधिश रमेश ढकाल र स्वीकृति पराजुलीको संयुक्त इजलासले जिल्लाको आदेश बदर गर्दै थुनामा पठाउने आदेश गरेसँगै उनलाई प्रहरीले शुक्रबार नै निवासबाट पक्राउ गरेको थियो । उनलाई शनिबार बुटवल पुऱ्याइएको छ ।

यसअघि गत माघ १३ गते रुपन्देही जिल्ला अदालतका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले रविलाई एक करोड धरौटीमा रिहा गर्न आदेश दिएको थियो । त्यसविरुद्ध परेका निवेदनमा बिहीबार नै सुनुवाइ सुरु भए पनि बहस नसकिएपछि शुक्रबारलाई हेर्दाहेर्दैमा राखिएको थियो । शुक्रबार साँझ अदालतले रविलाई थुनामा पठाउने आदेश गरेको हो ।

रविले भने एक करोड धरौटी चर्को भएको भन्दै साधारण तारेखमा राख्न माग गर्दै उच्चमा निवेदन दिएका थिए । सुप्रीम सहकारीमा रवि, छविलाल जोशी र जीबी राईसहित ४२ जनालाई प्रतिवादी बनाइएको छ ।

छविलाई यसअघि नै जिल्लाले थुनामा पठाउने आदेश गरेको थियो ।

उच्चले पनि सोही आदेशलाई सदर गरेको छ । उनीहरुले सहकारीको ५५ करोड रुपैयाँभन्दा बढी रकम अपचलन गरेको अभियोग छ । रवि, छवि र जीबीले यसमध्ये १० करोड ९९ लाख ३६ हजार रकम छुट्टै अपचलन गरेको अभियोगमा उल्लेख छ । जीबी राई भने फरार छन् ।



चैते दसैंका दिन बागलुङ कालिका मन्दिरमा लागेको भक्तजनको घुइँचो । बागलुङमा चैते दसैंलाई भव्य रूपमा बनाउने गरिन्छ भने बागलुङको पहिचानका रुपमा समेत लिइन्छ । गण्डकी प्रदेशकै प्रसिद्ध शक्तिपीठ मानिने कालिका मन्दिरमा पूजाआराधना गरेमा मनोकाक्षा पूरा हुने जनविश्वास छ । चैते दसैंका अवसरमा यहाँ तीन सय वर्षदेखि मेला लाग्दै आएको छ । मेलाको अवसरमा लोकदोहोरी गीत प्रतियोगिता, पुरुष तथा महिला भलिबल प्रतियोगिता, खुला छेलो फाल्ने प्रतियोगिता आयोजना गरिएको छ ।

*तस्विर : लुम्बिनी*

## किन हाऱ्यो सत्ता गठबन्धन वनबाटिकाको चुनावमा ?

» समाचार पृष्ठ ४ मा

## रिडी-तम्घास र दाउन्ने सडक खण्ड बन्द हुने



**लुम्बिनी संवाददाता**
*गुल्मी/परासी*

मदन भण्डारी राजमार्गको रिडी-तम्घास सडकखण्ड एक महिना पूर्णरुपमा बन्द हुने भएको छ ।

राजमार्गको रिडी-तम्घास सडक खण्डको पानी ट्यांकीदेखि राता माटासम्मको बाटो बन्द हुने मदन भण्डारी राजमार्ग, योजना कार्यालय गुल्मीका प्रमुख इञ्जिनियर रमेश चौधरीले बताए ।

सडक खण्डको ठूलढुङ्गाभिर क्षेत्रमा पहरो फोर्ने, सडक चौडा गर्ने, ग्रेड मिलाउने कार्यका लागि चैत २३ गतेदेखि बैशाख २२ गतेसम्म सडक पूर्णरुपमा बन्द रहने चौधरीले बताए । यस समय अवधिमा वैकल्पिक सडकहरू प्रयोग गर्नका लागि कार्यालयले आग्रह गरेको छ ।

उक्त सडकको विकल्पमा पानीट्याङ्की थोर्गा, स्याल बिसौनादेखि रातामाटा सडकहुँदै रिडी, पिपलनेटा दिगाम, रिडी, लुम्छा, धरमपानी, दिगामहुँदै रिडी र घुम्ती, चारपाला, खर्ज्याङहुँदै रिडी सडकखण्ड प्रयोग गर्नका लागि कार्यालयले आग्रह गरेको छ । अहिले रिडी-तम्घास सडक स्तरोन्नतिको काम तीव्र गतीमा अगाडि बढेको छ । सडक ट्र्याक खुलेको ४३ वर्षपछि स्तरोन्नति भइरहेको छ । मदन भण्डारी राजमार्गको गुल्मी खण्डको रिडी-तम्घास सडकको राजासम्म स्तरोन्नती गर्ने कार्य हुँदै आएको छ । सडकको २५ किलोमिटर क्षेत्रमा अहिले स्तरउन्नतिको काम तीव्र रुपमा भइरहेको छ ।

राजमार्गको ५५ प्रतिशत भौतिक प्रगती र ४५ प्रतिशत वित्तीय प्रगती भएको मदन भण्डारी योजना कार्यालयका सूचना अधिकारी इञ्जिनियर हुमानाथ पौडेलले बताए । निर्माण व्यवसायीले आउँदो असारसम्म ८ किलोमिटर कालोपत्रे, ३ किलोमिटर ढलानको काम सम्पन्न गर्ने गरी काम अगाडि बढेको उनले बताए ।बर्खासम्म २५ किलोमिटर क्षेत्रको नाली निर्माण र ग्राभेलको काम पनि सम्पन्न हुने इञ्जिनियर पौडेलले बताए । सडकको कटिङ्गको काम सकिएको समानन्तर इलाइट जेभीले जनाएको छ ।

सवारी साधनको वृद्धिसँगै पुरानो बाटोले साँघुरो हुँदै गएपछि रिडीबाट तम्घाससम्मको ४५ किलोमिटर सडक विस्तार हुँदैछ । पहिलो चरण २५ किलोमिटर सडक स्तरउन्नतिसँगै कालोपत्रे हुन लागेको हो ।

मदन भण्डारी राजमार्गको रिडी-तम्घास सडक खण्डमा समान्तर इलाइट जेभीले निर्माण कार्य गर्दै आएको छ । २०७९ साल फागुन २८ गते सम्झौत भइ २०८२ साल फागुन २५ गतेसम्म काम सम्पन्न गर्नुपर्ने म्याद रहेको छ । १ अर्ब ५० करोड ४८ लाख ३२ हजार ९५९ रुपैयाँको लागतमा सडक स्तरोन्नती र कालोपत्रे गर्ने गरी ठेक्का सम्झौता भएको मदन भण्डारी राजमार्ग योजना कार्यालयले जनाएको छ ।

यसैबिच बुटवल-नारायणगढ सडकअन्तरगत दाउन्ने खण्ड रातको समयमा बन्द गरेर काम गरिने भएको छ । सडक विस्तारको क्रममा जीर्ण बनेको सडकमा दैनिक मालवाहक सवारी साधन बिग्रिएर लामो जाम हुने गरेको छ ।

वर्षायाम अगावै दाउन्ने क्षेत्रमा काम नसके समस्या हुने अवस्थालाई मध्यनजर गर्दै मर्मतका लागि तीन दिन दिउँसो र पहाड काट्न केही निश्चित समयका लागि सवारी आवागमन बन्द गर्ने निर्णय भएको जिल्ला समन्वय समिति पश्चिम नवलपरासीका प्रमुख भगौती यादवले जानकारी दिए ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# दाउन्नेको सास्ती

बुटवल-नारायणगढ सडक निर्माणले गति लिएपछि यो सडकखण्ड निर्माण हुने आशा पलाएको छ। अलपत्र सडक निर्माणको काम धमाधम अघि बढेपछि अब सडक बन्छ भन्ने आशा पलाए पनि दाउन्नेको १४ किलोमिटर सडक अलपत्र छाड्दा यात्रुले धेरै सास्ती पाएका छन् । सडक निर्माणमा बेवास्ता गर्दा दुईदेखि सात घण्टा सवारीसाधन जाममा परेका छन् । घण्टौं जाममा पर्दाको सास्ती चर्को छ।

घण्टौं जाममा पर्दा एम्बुलेन्सबाट बिरामी समयमै चितवन र काठमाडौं पुऱ्याउन समस्या भएको छ । लामो जाममा समय गुज्रिदा कतिपय बिरामीको अस्पताल नपुग्दै ज्यान गएको छ । अप्ठ्यारो खण्डको सडकमा घण्टौं जाममा बस्नुपर्दाको पीडा एकातिर छँदैछ, दुर्घटनाको जोखिम उत्तिकै छ । चुरे पहाडलाई खोतलेर त्यत्तिकै छाड्दा सडक अस्तव्यस्त छ । कतिपय ठाउँमा निर्माण सामग्री लामो समयदेखि अलपत्र छाडिएको छ, निर्माण सामग्रीको अवरोधले सडक एकतर्फी भएको छ । कतिपय ठाउँमा धुलोले सडकमा गुड्ने यातायातका साधनले अरु साधन देख्न नसक्दा दुर्घटनाको जोखिम छ। दाउन्ने सडक पहिले देखि नै समस्या हो, समस्या भएको ठाउँमा खोतलेर त्यत्तिकै छाड्दा झनै समस्या हुन्छ भन्ने हेक्का नहुनु ठेकेदार कम्पनी र राज्य संयन्त्रको कमजोरी हो । समस्या चर्को भएपछि समस्या समाधान गर्न समयमै पहलकदमी नहुनु झनै चरम लापरबाही हो।

२०७५ माघमा सरकार र निर्माण कम्पनीबिच २२ साउन २०७९ भित्र काम सक्नेगरी बुटवल-नारायणगढ सडकको ठेक्का सम्झौता भएको थियो । कुल एक सय १४ किलोमिटर सडकलाई गैंडाकोट-दाउन्ने ९६५ किलोमिटर र दाउन्ने-बुटवल ९४९ किलोमिटर गरी दुई खण्डमा विभाजन गरी आह्वान गरिएको 'टेन्डर' मा दुवै खण्ड निर्माणको जिम्मा चाइना स्टेट कन्स्ट्रक्सनले पाएको थियो। ८ चैत २०७५ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले बुटवलबाट दुवै खण्डको शिलान्यास गरेपछि सडक विस्तारको औपचारिक काम सुरु भएको थियो।

निर्धारित समयमा एक चौथाइ पनि काम नसकेपछि पहिलोपटक ८ साउन २०८०, दोस्रोपटक ८ साउन २०८१ सम्मका लागि म्याद थप गरिएको थियो । निर्माण कम्पनीले कोभिड, निर्माण सामग्रीको अभावलगायत विभिन्न समस्या देखाउँदै तीनपटकसम्म ठेक्का सम्झौताको म्याद थप गराएको छ। आगामी ८ साउनभित्र निर्माण सम्पन्न गर्नेगरी सरकारले तेस्रोपटक म्याद थप गरेको छ।

म्याद थप गरिएको चार महिना काम नै नगरी समय बिताएको निर्माण कम्पनीलाई सरकारले कारबाही गर्ने गरी पत्राचार गरेपछि गत डिसेम्बरबाट पुनः काममा फर्किएको थियो । दुई लेनमा रहेको सडकलाई चार लेनमा विस्तार गरी दुई-दुई लेनको बिचमा 'ग्रिनरी' राखिनेछ । तीन मिटरको बिच भागमा बिरुवा लगाउने गरी ठेक्का सम्झौता भएको छ। अहिले जुन रफ्तारमा काम भएको छ, त्यसले आगामी बैशाखभित्रै दाउन्ने बाहेक एकतर्फी पक्कीको काम सम्पन्न हुने आयोजनाका अधिकारीहरुको भनाइ छ । साउनसम्मको समयसिमाभित्र काम सकिने अवस्था नरहेकोले थप समय थप्नुपर्ने देखिन्छ।

एकतर्फी पक्कीले कम्तीमा अस्तव्यस्त सडक यात्राबाट यात्रु मुक्त हुँदैछन् । तर दाउन्ने सडकलाई यत्तिकै छाड्दाको सास्ती धेरै छ। अब यो सडकलाई मर्मत गरेर जाम हटाउनुपर्छ । दाउन्ने जामको अर्को कारण मालबहाक ट्रक दाउन्नेमा रोकेर रात्रिकालीन आराम गर्दा पनि हो। प्रहरीले मनपरी ट्रक रोक्न बन्द गर्नुपर्छ। सडक आयोजना कार्यालयले जामको सास्ती टुलुटुलु हेर्ने होइन्, व्यवस्थापन गर्न चासो दिनुपर्छ। त्यसो त जामले सास्ती भएको गुनासो बढेपछि सवारीसाधन सञ्चालनमा रोक लगाएर काम गर्न लागेको बताइएको छ। कार्ययोजना बनाएर यातायातका साधनलाई समस्या नपर्ने गरी समयसिमा छुट्टयाएर मर्मत गर्नुपर्छ । राजमार्गको यात्रा सास्ती होइन्, सहज हुनुपर्छ।

# ग्रामीण कृषि पर्यटनको सम्भावना

डा.हरिबहादुर केसी

*मौसम अनुसारका स्थानीय बालीनाली, तरकारी, फलफूल, दुध, घिउ, मासु, अण्डा उत्पादन गरी पाहुनालाई भोजन व्यवस्थापन गर्न सके अति उत्तम हुन्छ । उत्पादित वस्तु प्राङ्गारिक भए त अझै राम्रो । घरवासमा पनि सहरकै खाद्यवस्तु खान पाहुनालाई इच्छा हुँदैन । त्यही उत्पादन गर्दा ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप पनि बढ्ने र रोजगारी पनि सिर्जना हुन सक्छ । घरवास भएका स्थानलगायतमा कृषि हाटबजार पनि बाहिरका पाहुनाका आकर्षण हुन सक्छन् । स्थानीय कृषिजन्य र अन्य घरेलु उद्यमका वस्तुका कोसेली घर पनि ग्रामीण पर्यटनका विषय हुन । रैथाने बालीनालीका बिउ सङ्ग्रह, संरक्षण र प्रवर्धन गर्न सामुदायिक बिउ बैङ्क स्थापना गरेर सञ्चालन गर्न सकिन्छ । यसलाई विद्यालयसँग जोडेर विद्यार्थीलाई शैक्षिक ज्ञानसमेत बढाउन सहयोग गर्छ । यसबाट स्थानीय उत्पादनलाई प्रोत्साहन र आर्थिक क्रियाकलाप बढाउन सकिन्छ । खास गरी ग्रामीण महिलालाई आर्थिक उपार्जनमा जोड्न र आयआर्जनको माध्यम बनाई रोजगारी सिर्जना गर्न ग्रामीण कृषि पर्यटन उपयोगी हुने रहेछ । ग्रामीण पर्यटनसँगै जोडिएको कृषि पर्यटनमा विभिन्न सम्भाग उपयोगी हुन सक्ने देखिन्छन् ।*



कृषि उपजलाई कृषि पर्यटनको विकासमा रूपान्तरण गर्न सरकारीस्तरबाट पूर्वाधार विकासमा लगानी आवश्यक हुन्छ। ग्रामीण क्षेत्रमा बाटो, बिजुली, खानेपानी, स्वास्थ्य सेवा जस्ता न्यूनतम पूर्वाधार हुनै पर्छ । त्यसका अलावा स्थानीय कृषक र व्यवसायीलाई प्रोत्साहन, सहजीकरण गरी त्यसमा कृषक र पर्यटन व्यवसायी समुदायले व्यक्तिगत लाभ लिन सक्ने गरी लगानी, सीप र प्रविधियुक्त ज्ञान बढाउनु पर्छ।

कृषि क्षेत्र ग्रामीण पर्यटनको विशिष्ट सम्भावना बोकेको क्षेत्र हो । पर्यटन क्षेत्रको विकासका लागि पनि कृषि नभई हुँदैन । यसको पूर्ण सम्मिलन बाँकेको गाभर भ्याली होमस्टे, इलामको चिया बगान, कास्की सार्दीखोलाको गण्डकी रेन्वो ट्राउट फार्मलगायत मुलुकका धेरै स्थानमा देखियो । ग्रामीण क्षेत्रमा कृषि जीवनयापनको एउटा पाटो हो भने सहरी क्षेत्रमा बसोबास गर्नेका लागि यो नौलो र आकर्षणको क्षेत्र पनि हो। यसको विविधता थप आकर्षण हुन सक्ने सम्भावना पनि छ। खाद्य र कृषि संस्कृतिको विविधताको धनी देश भएकाले यसको पर्यटनसँग सकारात्मक सम्बन्ध पनि छ। कृषि क्षेत्रसँग सम्बन्धित भएर हुने पर्यटन नै कृषि पर्यटन हो । कृषि पर्यटन मुख्यतः प्रकृतिसँग जोडिएको हुन्छ, परम्परासँग जोडिएको हुन्छ र संस्कृतिसँग जोडिएको हुन्छ। यसबाट मनोरञ्जन मात्र होइन प्रशस्त ज्ञान पनि हासिल हुन्छ। सहरमा हुर्केको पुस्ताका लागि त प्रकृति र संस्कृतिसँग जोड्ने अनुपम उदाहरण पनि हुन सक्छ। थाकेको शरीर वा मनलाइ स्फूर्ति दिन मात्र होइन आफ्नो भूगोल, संस्कार र संस्कृति चिनाउन पनि यसले सहयोग गर्न सक्छ।

ग्रामीण पर्यटनको एउटा माध्यमका रूपमा कृषि पर्यटन स्थापित हुँदै गएको छ र यसको प्रवर्धन गर्ने पर्याप्त सम्भावना छन् । खास गरी ग्रामीण पर्यटनका रूपमा स्थापित घरवाससँग जोडेर काम गर्न सके अझ सुन्दर हुन सक्छ। अहिले घरवास प्रचलन लोकप्रिय हुँदै गएका छन् । घरवासमा खुवाउने खाद्यवस्तु त्यही घरको उत्पादन भए असाध्य राम्रो अझ त्यही स्थानको भए झनै राम्रो । स्थानीय कृषिजन्य उत्पादन घरवाससँग जोडिएको अभिन्न विशेषता हो । पाहुनाले बारीबाट रुचिअनुसारका फलफूल, तरकारी टिपेर पकाउन र खान पाए कस्तो सन्तुष्टि अनुभूति गर्लान् सहजै अनुमान गर्न सकिन्छ।

मौसम अनुसारका स्थानीय बालीनाली, तरकारी, फलफूल, दुध, घिउ, मासु, अण्डा उत्पादन गरी पाहुनालाई भोजन व्यवस्थापन गर्न सके अति उत्तम हुन्छ । उत्पादित वस्तु प्राङ्गारिक भए त अझै राम्रो । घरवासमा पनि सहरकै खाद्यवस्तु खान पाहुनालाई इच्छा हुँदैन । त्यही उत्पादन गर्दा ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप पनि बढ्ने र रोजगारी पनि सिर्जना हुन सक्छ। घरवास भएका स्थानलगायतमा कृषि हाटबजार पनि बाहिरका पाहुनाका आकर्षण हुन सक्छन् । स्थानीय कृषिजन्य र अन्य घरेलु उद्यमका वस्तुका कोसेली घर पनि ग्रामीण पर्यटनका विषय हुन । रैथाने बालीनालीका बिउ सङ्ग्रह, संरक्षण र प्रवर्धन गर्न सामुदायिक बिउ बैङ्क स्थापना गरेर सञ्चालन गर्न सकिन्छ । यसलाई विद्यालयसँग जोडेर विद्यार्थीलाई शैक्षिक ज्ञानसमेत बढाउन सहयोग गर्छ। यसबाट स्थानीय उत्पादनलाई प्रोत्साहन र आर्थिक क्रियाकलाप बढाउन सकिन्छ । खास गरी ग्रामीण महिलालाई आर्थिक उपार्जनमा जोड्न र आयआर्जनको माध्यम बनाई रोजगारी सिर्जना गर्न ग्रामीण कृषि पर्यटन उपयोगी हुने रहेछ। ग्रामीण पर्यटनसँगै जोडिएको कृषि पर्यटनमा विभिन्न सम्भाग उपयोगी हुन सक्ने देखिन्छन् ।

फलफूल बगैंचाः तरेली परेका गरामा आकर्षण ढङ्गले लगाइएका फलफूल खेती ग्रामीण पर्यटनको आकर्षण हुन सक्छ । मध्य पहाडी भागका भएका सुन्तला बगैँचा सुन्तला पाक्ने समयमा चित्ताकर्षक देखिन्छन् । केरा, किबी, ड्रागन फल, अङ्गुर बगैँचा पनि सुन्दर देखिन्छ। उच्च पहाडी भागमा स्याउ पाक्ने बेलाको बगैँचा त्यस्तै लोभलाग्दो हुन्छ । हालै विस्तार गरिएको उच्च घनत्वको स्याउ खेती पनि स्याउ पाक्ने बेला गजबकै देखिन्छ । पाहुनाले आफैं फलफूल टिपेर खान पाउने हुँदा यो कृषि पर्यटनको राम्रो माध्यम हुन सक्छ । हालै स्ट्रबेरी खेतीमा यस खालको सम्भावनालाई युवाले सुरुवात गरेका पनि छन् । वनस्पति उद्यानः स्थानीय आबहवामा मिल्ने फूल फुल्ने र नफुल्ने खालका वनस्पतिको सङ्ग्रह गरी सार्वजनिक बगैँचाका रूपमा यस्ता बगैँचा बनाउने प्रचलन संसारभर नै छ। यसमा वनस्पतिहरूका साथै फलफूल, मौसमी फूललगायतका बालीनाली पनि लगाउन सकिन्छ। यो पर्यटकका लागि आनन्ददायक मात्रै नभई मनोरञ्जन र ज्ञान दुवैका लागि महत्वपूर्ण हुन्छ।

चिया बगानः चिया बगानको सौन्दर्यका बारे हामी सबै जानकार नै छौँ। तरेली पारेर काटेका चियाका बुटा र हरियाली पाखाको आकर्षण इलाम भ्रमण गर्ने पर्यटकको संख्याले पुष्टि गरेको छ । पूर्वी पहाडी अन्य पहाडी जिल्लामा मात्र नभई झापाका चिया बगानमा जाने पर्यटकको संख्या पनि कम छैन।

धान, तोरी, फापरः पहाडी भागका तरेली परेका गरामा लगाइएका यी बाली आफैँमा कम्ती सुन्दर हुँदैनन् । तराई र मध्य पहाडको तोरी र उच्च पहाडको फापर फुलेको बेला गरा मनमोहक हुन्छन् । यस्ता खेतीका बिचबिचमा आराम गर्ने स्थान र सुन्दर ढुङ्गे सिँढीको बाटो बनाएर घुमफिर गर्ने स्थान बनाउन सकिन्छ । म्याग्दी रत्ने चौरको तोरी बारी भाइरल नै हुने गरेको छ । असार १५ मा मनाइने धान दिवस र रोपाइ महोत्सव विदेशी पर्यटक लोभ्याउने माध्यम भइसकेको छ । यस अवसरमा हिलोमा विभिन्न क्रियाकलाप गरी रमाइलो गर्ने चलन आइसकेको छ। त्यसै गरी धानको दाइँ पनि रमाइलो गरी मनाउन सकिन्छ। खर्कहरू वा गोठको पशुपालन, तिनीहरूको चरन र व्यवस्थापन आफैँमा नौलो हुन्छ । हरिया खर्कमा चर्दै गरेका चौँरी, भेडा, च्याङ्ग्राको बथानका दृश्य निकै सुन्दर हुन्छन् । कतिपय पाहुना घाँस कुडो खुवाउन र दूध दुहुन पनि लालायित हुन्छन् । नुवाकोट, लमजुङलगायतका विभिन्न स्थानमा गोरु जुधाइलाई मेलामा रूपमा स्थापित गरेर पर्यटक आकर्षित गरिएको छ। भेडाको उन कटाई र राडी पाखी बुनाइ पनि आकर्षण हुन सक्छ।

पन्छीपालनः नेपालमा कुखुरा, कालिज, बट्टाइ, परेवा, हाँस, टर्कीलगायतका विभिन्न पन्छीपालन र तिनका पनि विभिन्न प्रजाति पाइन्छन् । विभिन्न किसिमका पन्छी एकै स्थानमा पालेर चिडिया घर बनाएर पनि पाहुनालाई सन्तुष्ट गराउन सकिन्छ।

मत्स्यपालन : पहाडी भेकको बगेको चिसो पानीमा रेस वे बनाएर पालिने रेन्वो ट्राउट मत्स्यपालन वा समथर बेँसी र तराईमा पोखरीमा पालिने मत्स्यपालनसँगै जोडेर माछा समात्ने खेल सञ्चालन गर्न सकिन्छ । साथसाथै मत्स्य परिकारका रेष्टुरेण्टसहितको व्यवसाय गर्दा राम्रो आर्थिक उपार्जन हुन सक्छ । कास्की सार्दीखोलाको गण्डकी ट्राउट फार्म यसको राम्रो उदाहरण हो ।

मौरीपालन र भिरमौरीः लहरै मिलाएर राखिएका मौरीका गोला र मौरीका क्रियाकलाप पनि निक्कै आकर्षक हुन्छन् । महका विभिन्न परिकारका भोजन पनि थप्न सकिन्छ । मह मेला वा मह काढ्ने मेला पनि रमाइला कर्म हुन सक्छन् । भिर मौरीको मह काढ्ने मेला आफैँमा धेरै पर्यटन तान्ने सक्ने क्रियाकलाप हुन सक्छ। महको घारबाट निस्कने ग्याँस लिएर गरिने थेरापी र मौरीले टोकायर गरिने थेरापी पनि हाल बढ्दै गएका छन्।

कृषि मेला महोत्सव ग्रामीण कृषि पर्यटनका महत्वपूर्ण विषय हुन्। आफ्नो स्थानीय सम्भाव्यताका आधारमा सुन्तला, स्याउ, च्याउ, आलु, केरा, आँप, चिया, कफी, स्थानीय खाना र खाद्य परिकारका मेला महोत्सव गर्दा धेरै पर्यटक आकर्षण गर्न सकिन्छ । स्थानीय खाद्य वस्तुका खाद्य विविधीकरण गरी मेलामा खुवाउनु आफैँमा धेरै महत्वपूर्ण हुन्छ । हाम्रो समाजमा स्थानीय रूपमा परम्परा नै भइ आएका धेरै परिकार छन्, तर ज्ञान, चेतना, बजारीकरणको अभावले प्रचारप्रसारमा आउन सकेका छैनन् । यस्ता परिकारलाई पनि प्रवर्धन गर्न सकिन्छ। यीलगायत ग्रामीण स्तरमा हुने सांस्कृतिक कार्यक्रम, खेलकुदको मेला महोत्सवमा पनि स्थानीय उत्पादित वस्तु राख्न सकिन्छ।

माथि उल्लेखित विभिन्न सम्भावना सबै ठाउँमा हुँदैनन् र यीलगायत स्थानीय सम्भावनाका अरू धेरै क्षेत्र र विषय हुन सक्छन्। हाम्रो जस्तो विविधताको धनी देशमा स्थान अनुसार नयाँ नयाँ अवधारणा तयार हुन सक्छन् । त्यसको अन्वेषण गरी कार्यान्वयनका ल्याउन सकिन्छ। यसले ग्रामीण पर्यटनको अवधारणालाई सार्थक बनाउँछन् । कृषि उपजलाई कृषि पर्यटनको विकासमा रूपान्तरण गर्न सरकारी स्तरबाट पूर्वाधार विकासमा लगानी आवश्यक हुन्छ । ग्रामीण क्षेत्रमा बाटो, बिजुली, खानेपानी, स्वास्थ्य सेवा जस्ता न्यूनतम पूर्वाधार हुनै पर्छ । त्यसका अलावा स्थानीय कृषक र व्यवसायीलाई प्रोत्साहन, सहजीकरण गरी त्यसमा कृषक र पर्यटन व्यवसायी समुदायले व्यक्तिगत लाभ लिन सक्ने गरी लगानी, सिप र प्रविधियुक्त ज्ञान बढाउनु पर्छ। कृषि उत्पादनका लागि सिपमूलक तालिम मात्र नभई कलात्मक हिसाबले सजाउने खेती प्रविधि र विविध परिकारका खाना तयार गर्न पनि सिप विकास हुन पर्छ।

व्यवसायीलाई पुँजी र सूचनामा पहुँच अर्को कार्य हुन्छ । ग्रामीण पर्यटन प्रवर्धनका लागि पर्यटन व्यवसायी र कृषकमा लाभप्रद हुने योजना, रणनीति, कार्यक्रम पनि सरकारी निकायबाट आउनु आवश्यक हुन्छ। स्थानीय उत्पादनलाई बजारसँग जोड्नु, उपलब्ध स्थानीय स्रोतसाधनमा उद्यम व्यवसायीको पहुँच बढाउनु, आफ्नै गाउँ क्षेत्रमा छरिएर रहेका स्रोतसाधनलाई पहिचान गरी असङ्गठित पुँजीलाई समूह वा सहकारीका माध्यमबाट परिचालन गर्नु आवश्यक छ। कृषि पर्यटन निजी मात्र नभई सामुदायिक लाभको क्षेत्र पनि हो। यसको प्रवर्धनका लागि सामूहिक प्रयासको आवश्यकता हुन्छ। यी सबै कार्यका लागि सरकारी, सामुदायिक र गैरसरकारी सबै निकायको निरन्तर प्रयास जरुरी हुन्छ । खास गरी स्थानीय तहको भूमिका निकै महत्वपूर्ण हुन्छ। गोपबाट

# स्वच्छ हावाः विलासिता होइन, अनिवार्य आवश्यकता

डा.युवीन यादव

वायु प्रदूषण एक पर्यावरणीय स्वास्थ्य खतराको रूपमा छ, जुन प्रायः देखिंदैन, तर हाम्रो स्वास्थ्यका लागि एक गम्भीर खतरा हो। पछिल्लो वर्षमा नेपालमा वायु प्रदूषण एक गम्भीर सार्वजनिक स्वास्थ्य जोखिम बनेको छ, जहाँ प्रदूषणको स्तर सिफारिस गरिएको सीमाभन्दा ४.९ गुणा बढी छ।

काठमाडौंको खराब वायु गुणस्तरले लाखौं स्थानीयमा विभिन्न स्वास्थ्य समस्याहरूको जोखिम बढाएको छ, जसको प्रभाव अल्पकाल र दीर्घकालमा पर्नेछ। तत्कालीन अवधिमा खराब वायु गुणस्तरले निमोनिया, ब्रोन्काइटिस (फोक्सोको बायुमार्ग सुन्निने), कंजक्टिवाइटिस (आँखा पाक्ने), छालाको एलर्जी, स्ट्रोक र हृदय समस्याहरूको कारण बन्न सक्छ। दीर्घकालीन रूपमा यसले अल्सर, फोक्सो र आन्द्राको क्यान्सर, मिर्गौला रोग र मुटुरोगको कारक हो । विश्व स्वास्थ्य संगठनले नेपालमा वायु प्रदूषणलाई मृत्यु र अपांगतासँग सम्बन्धित प्रमुख जोखिमको रूपमा पनि यसलाई लिएको छ। वायुको गुणस्तर बिग्रनाले केवल सार्वजनिक स्वास्थ्यलाई मात्र असर नगरेर उत्पादनशीलतामा कमी र स्वास्थ्य स्रोतहरूको अत्यधिक प्रयोगका कारण देशको अर्थतन्त्रमा पनि ठूलो भार पारिरहेको छ। वायु प्रदूषणका स्वास्थ्य प्रभावको मूल्याङ्कन गर्नको लागि पर्याप्त तथ्यांक उपलब्ध छैनन् र यस पर्यावरणीय चुनौतीको समाधानका लागि आवश्यक उपायहरूको कमी छ।

गर्मी मौसमको कारणले यो समस्या अझ गम्भीर बनेको छ, जसले आगामी दिनहरूमा बन आगलागीको घटनाहरू बढाउनेछ । नेपालमा गर्मी मौसममा बन डढेंलो लाग्ने कुरा सामान्य हुन्छ, जुन चैत बैशाख महिनामा चरम सीमामा पुग्छ। यी आगलागीहरू लगातार धुँवा र कुहिरोले भिजिबिलिटी घटाउँछ र हवाइ यात्रामा पनि असर पुऱ्याउँछ। विश्वव्यापी रूपमा वायु प्रदूषण प्रत्येक वर्ष ६.५ मिलियन मान्छेको मृत्युको कारण बनिरहेको छ र यो संख्या पछिल्ला दुई दशकमा अझ बढेको छ। वायु प्रदूषण मानवीय कारण र प्राकृतिक स्रोतहरूबाट उत्सर्जित खतरनाक पदार्थहरूको मिश्रण हो।

**मानवीय कारण**

यातायातसँग सम्बन्धित वायु प्रदूषण, सवारी साधनका उत्सर्जन, इन्धन तेल र प्राकृतिक ग्याँसको प्रयोग, उद्योग र शक्ति उत्पादनका उत्सर्जनहरू, विशेष गरी कोइला द्वारा सञ्चालित पावर प्लान्टहरू र रासायनिक उत्पादनका धुँवाहरू।

**प्राकृतिक स्रोतहरू**

जंगली आगलागीको धुँवा (प्राय मानिसद्वारा लगाइने गरेको)

ज्वालामुखी विस्फोटबाट निस्कने ग्यास।

माटोमा बिघटन भइरहेको कार्बनिक पदार्थबाट उत्सर्जन हुने मिथेन ग्यास

**वायु प्रदूषणका स्वास्थ्य प्रभावहरू**

वायु प्रदूषणका कारण विभिन्न गम्भीर स्वास्थ्य समस्याहरू उत्पन्न हुन्छः

स्वासप्रश्वास समस्याहरूः दम, ब्रोन्काइटिस, क्रोनिक अप्स्ट्रक्टिव पल्मोनरी डिजीज।

हृदय र रक्तनलीका रोगहरूः हृदय आक्रमण, स्ट्रोक र उच्च रक्तचापको जोखिम।

क्यान्सरः दीर्घकालीन प्रदूषणको कारण फोक्सो र आन्द्राको क्यान्सर हुन सक्छ।

मृत्युदरमा वृद्धिः वायु प्रदूषण मृत्यु र अपांगताका प्रमुख कारणहरू मध्ये एक हो।

असुरक्षित समूहहरूः बालबालिका, वृद्धवृद्धा र पहिले नै स्वासप्रश्वास वा हृदय रोग भएका व्यक्तिहरू विशेष रूपमा संवेदनशील छन्।

अन्य स्वास्थ्य समस्याहरूः आँखा पोल्ने, छालाको एलर्जी र मानसिक स्वास्थ्य समस्याहरू।

व्यावसायिक जोखिमः यातायात, निर्माण र इट्टा भट्टामा काम गर्ने व्यक्तिहरूको लागि बढी जोखिम।

आयुमा कमीः एयर क्वालिटी लाइफ इंडेक्स अनुसार काठमाडौं उपत्यकामा वायु प्रदूषणले नेपालीहरूको जीवनलाई लगभग पाँच वर्ष छोटो बनाएको छ।

**वायु प्रदूषणका वातावरणीय प्रभावहरू**

अम्लीय वर्षाः पारिस्थितिक प्रणाली, बालीनाली र पूर्वाधारमा क्षति पुऱ्याउँछ।

जलवायु परिवर्तनः तापक्रमको वृद्धि, अत्यधिक मौसम घटनाहरू र समुन्द्रको सतहको वृद्धि।

ओजोन तहको कमीः केही प्रदूषक पदार्थहरू, जस्तै क्लोरोफ्लोरोकार्बनले ओजोन तहलाई नष्ट गर्न सक्छन्।

पारिस्थितिक प्रणाली नोक्सानः वायु प्रदूषणले वनस्पति, जनावर र जलजीवनलाई नष्ट गर्न सक्छ।

भिजिबिलिटीमा कमीः वायु प्रदूषणले भिजिबिलिटी घटाउँछ, जसले पर्यटन र अन्य क्रियाकलापहरूलाई असर पुऱ्याउँछ।

**जोगिने उपायहरु**

वायु प्रदूषण र यसको प्रभाव कम गर्नका लागि तत्काल कदम चाल्नु आवश्यक छ। केही व्यावहारिक समाधानहरू निम्न हुन्ः

मास्क लगाउनेः विशेष गरी उच्च प्रदूषण दिनहरूमा बाहिर निस्कदा मास्क लगाउनुपरेछ। बाहिरका क्रियाकलाप सीमित गर्नुपर्छ।

सस्तो र दिगो यातायातको प्रयोग र प्रवर्धन गर्नुपर्छ । सार्वजनिक यातायात, साइकल चलाउने, हिँड्ने कुरामा प्रोत्साहन गर्नुपर्छ।

स्वच्छ प्रविधिमा लगानीः विद्युत् सवारी साधन, नवीकरणीय ऊर्जा स्रोत (सोलार, हावा) र वृक्षारोपण जस्ता हरियो संरचनामा लगानी गर्नुपर्छ।

फोहोर व्यवस्थापनमा सुधार : फोहोरको उचित व्यवस्थापन गर्नुहोस्, र प्रदूषण कम गर्न पुन प्रयोग गर्न मिल्ने चिजहरु प्रयोग गर्नुपर्छ।

हरियो शहर योजना : पैदल र साइकलका लागि उपयुक्त ठाउँ बनाउनुहोस् र शहरहरूमा हरियो क्षेत्रहरू निर्माण गर्न पहल गर्नुपर्छ।

उद्योगका उत्सर्जन नियन्त्रण सुधारः उद्योगहरूका लागि कडा उत्सर्जन नियन्त्रण नियम लागू गरिनुपर्छ।

सवारी साधनको मर्मत : नियमित सवारी साधन मर्मत र उत्सर्जन परीक्षण सुनिश्चित गरिनुपर्छ।

दिगो अभ्यासहरू अपनाउने : स्थानीय र जैविक खाद्य प्रणालीहरूको समर्थन गर्ने र फोहोर लिन आउँदा फोहोरमा दिनको सट्टा जैविक फोहोर कम्पोस्ट गर्नु उचित हुन्छ।

(डा.युवीन यादव स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जलवायु अनुकुलन, वातावरण, खानेपानी तथा सरसफाई उपसमितिका विज्ञ हुन्)



**गहुँ दाउँदै किसानः**
दाङको घोराही उप-महानगरपालिका-७ बेसाहीस्थित स्थानीय किसान थ्रेसरको प्रयोगबाट गहुँ दाउँदै । पछिल्लो समय यान्त्रिकरणको प्रयोग गरेर किसानहरुलाई कृषि व्यवसाय गर्न सहज बनाएको छ।
तस्विरः सुशीला ओली/रासस

# पाणिनी सम्मेलनको तयारीबारे मुख्यमन्त्रीको निरीक्षण

अर्घाखाँची । संस्कृत व्याकरणका पिता महर्षि पाणिनिको तपोभूमिमा हुन लागेको पाणिनि तपोभूमि सम्मेलन-२०८१ को तयारी अन्तिम चरणमा पुगेको छ। लुम्बिनी प्रदेश मुख्यमन्त्री चेतनारायण आचार्यले सम्मेलन स्थलको स्थलगत निरीक्षण गरी तयारी अवस्थाबारे जानकारी लिएका छन् ।

अर्घाखाँची जिल्लाको पाणिनि गाउँपालिका क्षेत्रलाई केन्द्रविन्दु बनाई सम्मेलन चैत २७ र २८ गते आयोजना गरिन लागेको सम्मेलनको पूर्वसन्ध्यामा मुख्यमन्त्री आचार्यसहित सुरक्षा समितिका पदाधिकारीहरू, स्थानीय तहका जनप्रतिनिधिहरू तथा सरोकारवाला निकायहरूको टोलीले अवलोकन भ्रमण गरेको हो । स्थलगत निरीक्षणका क्रममा मुख्यमन्त्री आचार्यले धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्व राख्ने पाणिनि तपोभूमिको समुचित व्यवस्थापन र प्रचारप्रसारमार्फत् यस क्षेत्रलाई विश्वभर चिनाउन सम्मेलनले महत्वपूर्ण योगदान पुऱ्याउने बताए ।

उनले सम्मेलनको तयारीका क्रममा सुरक्षाको व्यवस्था, यातायात, आवास, खानेपानी, सरसफाइ, अतिथि स्वागत तथा कार्यक्रम सञ्चालनसम्बन्धी पक्षहरूबारे चासो व्यक्त गर्दै सम्बन्धित निकायलाई प्रभावकारी कार्यान्वयनको निर्देशनसमेत दिए ।

संस्कृत व्याकरणका पिता पाणिनिको तपोभूमिको पहिचान, त्यस क्षेत्रको धार्मिक, सांस्कृतिक, पर्यटकीय विकास र व्यापकता सम्मेलनको उद्देश्य रहेको छ ।

स्थानीय तह, प्रदेश सरकार तथा पर्यटनसँग सम्बन्धित निकायहरूको संयुक्त आयोजनामा हुन लागेको उक्त सम्मेलनले पाणिनी क्षेत्रको समग्र विकासमा टेवा पुग्ने विश्वास गरिएको छ ।

# ह्विलचियरमा बसेर नौमती बाजा बजाउँदै



गलकोट । चैते दसैंको अवसरमा कालिका मन्दिर पुग्ने जङ्गलको बिच भागमा नौ जनाले नौमती बाजा बजाएर घरखर्चको जोहो गरिरहेका छन् ।

पोखरा आसपासको क्षेत्रमा बसोबास गर्ने उनीहरूले शुक्रबारदेखि कालिका मन्दिर परिसरमा नौमती बाजा बजाएर घरखर्चको जोहो गरिरहेका हुन्। नौमध्ये दुई जना मात्रै सबालाङ्ग छन् । उनीहरूको समूहमा दुई महिला र सात जना पुरुष सहभागी छन् ।

बागलुङको कालिका मन्दिर दर्शनका लागि कालिका बालउद्यानबाट मन्दिरतर्फ जाने बाटोमा ह्विलचियरमा बसेर बाजा बजाएको दृश्यले सबैलाई आकर्षित गर्दछ ।

नौमती बजाउनेमध्ये सात जना शारीरिक रूपमा अशक्त रहेको ध्रुव नेपालीले बताए । ह्विलचियरमा बसेर नौमती बाजा बजाउन सिकेको उल्लेख गर्दै यो सीपले जीविकोपार्जनमा सहज भएको बाजा बजाउँदै उनले जानकारी दिए ।

"अपाङ्गता भएकाहरू एकजुट भएर बाजा बजाउन सिकेका हौं । ढाड भाँचिए पनि परिवारको खर्च जुटाउनुपर्ने बाध्यता छ। त्यसै मागेर हिड्नुभन्दा नौमती बाजा बजाएर कलाको संरक्षणसँगै खर्च सङ्कलनको पहल थालेका हौं । बाजा मन पर्नेले दिनुभएको रकमबाट घर खर्च चल्ने गरेको छ", उनले भने-"कामसहित प्रतिभा देखाए सबैले माया गर्नुहुन्छ । सङकलन भएको रकम नौ जनाले बाढेर घर खर्चको जोहो गर्दछौं ।"

दाताहरूले दिएको थोरै रकमले पनि आफूहरूलाई राहत मिल्ने गरेको जनाउँदै मेला, पर्व तथा मानिसको आवतजावत र घुइँचो बढी हुने क्षेत्रमा ह्विलचियरमै बसेर नौमती बाजा बजाउने गरेको भुमिराज थापाले बताए । समूहमा सात जना अपाङ्गता भएका व्यक्ति रहेको जनाउँदै उनले सातै जनाको ढाडसम्बन्धी समस्या रहेको उल्लेख गरे । कसैको भिरबाट लडेर, कसैको सवारी दुर्घटनामा परेर ढाड भाँचिएपछि ह्विलचियरको सहारा लिँदै आएको उनको भनाइ छ ।

"सबैमा ढाडको समस्या छ, उहाँहरू हिंड्न सक्नुहुँदैन । ह्विलचियरमा बसेरै बाजा बजाएर सङ्कलन भएको रकमले घर खर्चको जोहो हुँदै आएको छ । चैतेदसैं मेलामा अझै तीन दिन बाजा बजाएर पोखरा फर्कने योजना छ", थापाले भने- "अपाङ्गताले प्रतिभालाई छेक्ने रहेनछ, अहिले मेला महोत्सवमा बाजा बजाउँदा धेरैले माया र सम्मान गर्नुहुन्छ ।"

शारीरिक अपाङ्गता भएकाले टाढाटाढा जान भने समस्या भएको धना मगरले गुनासो गरिन । "शारीरिक रूपमा अशक्त भए पनि कला र प्रतिभा देखाउन सकेमा यसको संरक्षण हुनुका साथै जीविकोपार्जनमा पनि सहजता हुन्छ ।"-उनले भनिन् । उनले सडकको पहुँच पुगेका स्थानमा बाजा बजाउन जान सहज हुने बताउँदै मेला, पर्वमा आफूहरू बाजा बजाउँदै आएको अनुभव सुनाइन् ।

# आगलागीका घटना बढ्दै, ३८ घटनामा तीनको मृत्यु



नवलपुर । यहाँ आगलागीका घटना बढ्दै गएका छन् । चालु आर्थिक वर्षको हालसम्म जिल्लामा ३८ वटा घटना भएका छन् । शुक्रबार मात्रै दिउँसो करिब २:३० बजे यहाँको विनयी त्रिवेणी गाउँपालिका-२ मा आगलागी भयो । तामाङटोलस्थित नवीन पुनको दुईतले टिनको घरमा लागेको आगलागीबाट दुईवटा भैँसी र तीनवटा बाख्रा मरे । आगलागीबाट भएको क्षतिको थप विवतरण प्रहरीले सङ्कलन गरिरहेको छ ।

सोही दिन दिउँसो करिब तीन बजे जिल्लाकै हुप्सेकोट-४ शंखदेव गाउँका रनबहादुर राईको परालको टौवामा आगलागी भयो । बच्चाले सलाई खेलाउँदा भएको आगलागीबाट परालको टौवामा क्षति पुग्यो भन्ने तत्काल आगो नियन्त्रणमा आउँदा थप क्षति हुन पाएन । यस्तै, बिहीबार दिउँसो तीन बजेतिर गैँडाकोट-१ को ईँट्टाभट्टाचोकमा श्रीप्रसाद न्यौपानेको परालको टौवामा आगो सल्कियो । आगलागीबाट १२ कट्ठाको परालमा क्षति पुग्यो भने गोठ जलेर खरानी भयो । पशुचौपाया एवम् मानवीय क्षति भने हुन पाएन ।

जिल्लामा व्यक्तिगत सम्पत्तिमा हुने आगलागीका घटना प्रायः दिउँसोकै समयमा हुने गरेका छन् । जिल्लामा भएका सबै घटनाका कारण नखुले पनि मानवीय त्रुटीले आगलागी धेरै घटना हुने गरेका प्रहरीले जनाएको छ । ।

जिल्लामा यस वर्षमात्रै आगलागीमा परी तीन जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयकाअनुसार चालु आवमा ३८ वटा आगलागीका घटनामध्ये तीनवटा घटनामा परी तीन जनाको मृत्यु भएको हो । चैतमा मात्रै यहाँ १३ वटा घटना भएका छन्, जसमध्ये पाँचवटा व्यक्तिगत सम्पत्ति एवम् आठ वटा वनमा आगलागीका छन् । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मधु नेपालले फागुन, माघ र साउनमा भएको आगलागीबाट तीन जनाको मृत्यु भएको जानकारी दिए । "आगलागीबाट जिल्लामा नौ महिनाको अवधिमा तीनजनाको मृत्यु हुँदा आठ जना घाइते भएका छन्", उनले भने-"आगलागीबाट रु ६१ लाख २१ हजार बजारको व्यक्तिगत सम्पत्तिमा क्षति पुगेको छ । एक हजार ६०० कुखुरा, दुई भैँसी, तीन वटा बाख्रा मरेका छन् ।"

नेपालका अनुसार यहाँ आगलागीले पाँचवटा घरमा आंशिक क्षति भएको छ । सात गोठ र नौ परालको टौवामा पूर्ण क्षति पुगेको छ । यस्तै, एउटा विद्यालय र एउटा गोठमा आंशिक क्षति हुन पुगेको छ । गत पुस महिनामा भएको आगलागीमा एउटा कारमा समेत क्षति पुगेको सूचना अधिकारी नेपालले बताए ।

जिल्लामा भएका साउन र असोजमा तीन/तीन, कात्तिक र मङ्सिरमा पाँच/पाँच, पुसमा सात, माघमा छ, फागुनमा चार, चैतमा पाँचवटा आगलागीका घटना भएका छन् । सुख्खा मौसममा आगलागीका घटना बढ्ने गरे पनि नियन्त्रणका लागि वारुण यन्त्र (दमकल) नहुँदा समस्या हुने गरेको छ । यहाँका आठ पालिकामध्ये कावासोती र देवचुली गरी दुई नगरपालिकासँग मात्रै एक/एक वटा दमकल रहेका छन् ।

## रिडी...

बैशाख एक गतेबाट १५ गतेसम्म राति ११ देखि बिहान ५ बजेसम्म आकस्मिक बाहेकका सवारी साधन सञ्चालनमा रोक लगाइएको यादवले बताए । चैत्र २७ देखि ३१ गतेसम्म खाल्डाखुल्डी पुर्नका लागि दिउँसो ११ देखि ३ बजेसम्म सडक बन्द गर्ने निर्णय भएको उनलेजानकारी दिए ।

पूर्वी र पश्चिम नवलपरासीका जिल्ला समन्वय समिति प्रमुख, सडक क्षेत्रका स्थानीय तहका प्रमुख, सुरक्षा निकाय, ठेकेदार पक्षबिच भएको छलफलले सवारी चापका कारण सडक विस्तारको काममा असर परेको निष्कर्ष निकाल्दै सडक बन्द गर्ने निर्णय गरेको हो । सडक विस्तारको ठेकेदार कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन लिमिटेडले यसअघिनै सडक बन्द नगरी लक्ष्यअनुरूप काम गर्न नसकिने बताउँदै आएको थियो । पश्चिम नवलपरासीको बर्दघाटदेखि पूर्वी नवलपरासीको दुम्किबाससम्म १८ किलोमिटर सडक जीर्ण छ ।


# Division Forest Office
Palpa

## Invitation for Online Bids

Date of publication: 2081/12/24 (06,Apr,2025)

Division Forest Office, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under Sealed Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank, Palpa
Account No.: 1000200010000
Name of the Office: Division Forest Office, Tansen, Palpa
Bank details for Bid Document (If Cash deposit) : Rastriya Banijya Bank, Palpa
**Antarik Rajaswa Account No**.:14229
Bid Validity Period: 45 days
Bank details for Bid security ( If Cash deposit) :Rastriya Banijya Bank, Palpa
**Dharauti KhataA/C no**.3030100202030000 Pradesh Ko.Le.Ni.Ka, Palpa

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| DFO/PLP/W/SQ/09/081-082 | Prakritk \Rupama Raheka Jadibuti Sanrakshan tatha Byabasthapan (Bhandaran Bhawan Sthapana), Nisdi-4, Palpa | 960341.25 | 1000.00 | 25000.00 | 2082/01/08 12.00Pm (Apr,21,2025) | |

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# भवानीपुरमा रामनवमी मेला सुरु




देवदह । रुपन्देहीको देवदह नगरपालिका-४, भवानीपुरमा ३ दिने रामनवमी मेला सुरु भएको छ । कोलीयराज्य बुद्ध मावली क्षेत्र विकासको आयोजना र देवदह नगरपालिकाको सहयोगमा उक्त मेला सुरु भएको हो ।

भवानीपुरमा विगत लामो समयदेखि चैते दसैंको अवसरमा रामनवमी मेला लाग्दै आएको छ । विगतमा एक दिन मात्र लाग्ने रामनवमी मेला गत वर्षदेखि ३ दिने लाग्ने गरेको छ । भवानीपुरमा लाग्ने रामनवमी मेला भर्न रुपन्देही, पाल्पा, नवलपरासी, कपिलवस्तुसँगै भारतको विभिन्न क्षेत्रबाट आउने गरेको कोलीयराज्य बुद्ध मावली क्षेत्र विकास समितिका अध्यक्ष लिलावल्लभ भट्टराईले जानकारी दिए ।

सो अवसरमा बोल्ने वक्ताहरुले भगवान गौतम बुद्धको मावली देवदह प्रमाणित गर्न ढिला हुँदा ऐतिहासिक वस्तुहरु नष्ट हुँदै गएको बताएका थिए ।

उनीहरुले ऐतिहासिक रामनवमी मेला संरक्षण, सम्वर्द्धन गर्न सवै एकताबद्ध भएर लाग्नु पर्नेमा जोड दिएका थिए । उनीहरुले देवदहको पहिचान र विकासको लागि स्थानीय तह लाग्नु पर्ने बताउँदै देवदहमा आउने आन्तरिक तथा बाह्य पर्यटक आए पनि त्यसको व्यवस्थापन हुन नसकेको बताएका थिए । कार्यक्रमका वक्ताहरुले देवदहको पहिचान स्थापित गर्नको लागि देवदह अध्यात्मिक नगरको रुपमा विकास गर्न आवश्यक रहेको औंल्याएका थिए ।

रामनवमी मेलाको उद्घाटन गर्दै उप-प्रमुख गुरुङ्गले देवदहको प्रमुख आधार भनेको पर्यटन र कृषि रहेको बताइन् । उनले देवदहलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न नगरपालिका लागिरहेको दाबी गरिन ।

उनले नगरपालिकासँग सीमित श्रोत साधनका कारण नागरिकको अपेक्षा अनुसार काम गर्न नसकिएको बताइन् ।

कोलीयराज्य बुद्ध मावली क्षेत्र विकास समितिका अध्यक्ष लिलावल्लभ भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा देवदह नगरपालिकाका पूर्व नगरप्रमुख हिराबहादुर खत्री, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, नगर प्रवक्ता गणेश डुम्रे, पर्यटन विद् युवराज कंडेल, देवदह-१०, का जनप्रतिनिधि अमर लामिछाने, भवानी माध्यमिक विद्यालयका प्रधानाध्यापक ऋषिश्वर अर्याललगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

चैत्र २५ गतेसम्म सञ्चालन हुने रामनवमी मेलामा सांस्कृतिक कार्यक्रम, खेलकुद तथा भजन प्रतियोगिता हुने आयोजकले जनाएको छ । विभिन्न संघसंस्थाका प्रतिनिधि, जनप्रतिनिधिहरुको सहभागितामा सृष्टि सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट शुरु भएको र्‍याली भवानीपुरमा पुगेर सभामा परिणत भएको थियो ।

कोलीयराज्य बुद्ध मावली क्षेत्र विकास समितिका सल्लाहकार छविलाल जिसीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# किन हार्‍यो सत्ता गठबन्धन वनबाटिकाको चुनावमा ?



तिलोत्तमा । सत्तारुढ प्रमुख दुई दल नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धनलाई हराउँदै शंकरनगर वन बिहार तथा अनुसन्धान केन्द्र (वन बाटिका) को अध्यक्षमा नेत्रविक्रम चन्द विप्लव निकट स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । सचिवमा पनि गठबन्धनका उम्मेदवारलाई बागी उम्मेदवारले फराकिलो मतान्तरले पराजित गरेका छन् । अध्यक्षमा एमाले-कांग्रेस गठबन्धनका उम्मेदवार इञ्जिनियर किरण खरेललाई १३५ मत अन्तरले पराजित गर्दै केन्द्रको चौथो अधिवेशनबाट विप्लव निकट उम्मेदवार खिमलाल पाण्डे विजयी भएका हुन् । पाण्डे यसअघि उपाध्यक्ष थिए भने खरेल कार्यसमिति सदस्य थिए ।

पाण्डेले ३९६ मत पाएर निर्वाचित हुँदा खरेलले २३४ मत पाए । राष्ट्रिय जनमुक्ति पार्टीकी उम्मेदवार टिकादेवी आलेले ३९ मत पाइन् । अध्यक्षमा निर्वाचित पाण्डेलाई माओवादी केन्द्रले उम्मेदवारी नै फिर्ता लिएर साथ दिएको थियो भने एमाले र कांग्रेसका असन्तुष्ट पक्षले आन्तरिकरुपमा साथ दिएका थिए ।

यो चुनावमा नेकपा एमालेका पोलिटब्युरो सदस्य एवं लुम्बिनीका पूर्व मुख्यमन्त्री लिला गिरी, एमालेबाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं तिलोत्तमाका पूर्व मेयर बासुदेव घिमिरे र तिलोत्तमाका हालका मेयर रामकृष्ण खाँणले पनि मतदान गरेका थिए ।

७७५ मतदाता रहेको केन्द्रको चुनावमा ६६१ मत खसेको निर्वाचन समितिका संयोजक मोहन चापागाईंले जानकारी दिए । उपाध्यक्षमा एमाले-कांग्रेस गठबन्धनबाट कांग्रेसका मिनप्रसाद देवकोटा निर्वाचित भए भने सचिवमा सत्ता गठबन्धनकी कमला पाण्डेलाई पराजित गर्दै कांग्रेसबाट बागी उम्मेदवार बनेका विदुर केसी विजयी भए ।

उपाध्यक्षमा देवकोटाले ३७८ मत, गठबन्धनका बागी उम्मेदवार लेखबहादुर खड्काले १३४ मत र राष्ट्रिय जनमुक्ति पार्टीकी चन्दा थापाले १०९ मत पाए । सचिवमा केसीले ३७९ मत पाएर निर्वाचित हुँदा पाण्डेले १८८ मत र राष्ट्रि जनमुक्ति पार्टीकी हिरामति थापाले ५७ मत पाइन् ।

कोषाध्यक्षमा एमाले-कांग्रेस गठबन्धनबाट एमालेका मनिराम भट्टराई ३८५ मत पाएर निर्वाचित हुँदा माओवादी केन्द्रका सौरभ भुसालले १७५ र राष्ट्रिय जनमुक्ति पार्टीका उदलसिंह थापाले ६३ मत पाए ।

२ जना लेखा समिति सदस्यमा स्वतन्त्र उम्मेदवार सन्दिप भट्टराई (३१३ मत) र एमाले-कांग्रेस गठबन्धनबाट विष्णुप्रसाद सुवेदी (२११ मत) विजयी भए । लेखा समिति सदस्यमा गठबन्धनकी मिठुमाया पौडेल (२०२ मत), माओवादी केन्द्रकी इन्दु थापामगर (१४८ मत), स्वतन्त्र उम्मेदवार शंकर पाण्डे (१४८) र राष्ट्रिय जनमुक्तिकी सीता श्रीस (७२ मत) पराजित भए । लेखा समिति संयोजकमा कांग्रेसका प्रदीप पराजुली निर्विरोध निर्वाचित भएका थिए ।

७ जना कार्यसमिति सदस्यमा भने एमाले-कांग्रेस गठबन्धनबाट पाँच जना निर्वाचित भएका छन् । जसमा विन्दु ढकाल, लक्ष्मण मल्ल, सरस्वती बराल, शंकर भण्डारी र पार्वती क्षेत्री छन् । दुई जनामध्ये राममाया पौडेल गठबन्धनबाट बागी उम्मेदवार हुन् भने माओवादी केन्द्रकी ज्योतिमाया थापा निर्वाचित भएकी छन् । वार्षिक ५ लाख पर्यटक घुम्न आउने वनबाटिका लुम्बिनी प्रदेशकै ठूलो र फराकिलो क्षेत्रफल भएको उद्यान हो । शंकरनगर सामुदायिक वन क्षेत्रभित्र रहेको यो उद्यान २०६२ सालदेखि सञ्चालनमा आएको हो ।

वनबाटिकाका मतदाता स्थानीय बुद्धिजीवि बाला कुँवरले उपभोक्ता र समुदायका साझा संस्थाहरुमा राजनीतिक दलहरुले भागबण्डा गरेर पद बाँडफाँट गरेको मतदाताले नरुचाएको चुनावको मत परिणामले पुष्टी गरेको टिप्पणी गरे । यसअघि शंकरनगर खानेपानीको चुनावमा पनि कांग्रेस एमाले गठबन्धनका आधिकारिक उम्मेदवारलाई बागी उम्मेदवारले पराजित गरेका थिए ।

हालैमात्र बुटवलको नयाँ गाउँ खानेपानीमा पनि प्रमुख दलका गठबन्धनलाई रास्वपाको एकल प्यानलले झिनो मतान्तरमा कडा टक्कर दिएको थियो । बुटवल वडा नं. २ कै खानेपानी संस्थामा पनि प्रमुख दललाई हराउँदै स्वतन्त्र उम्मेदवार विजयी भएका थिए ।

# तिनाउ गाउँपालिकाको ३६ प्रतिशत प्रगती




**कृष्ण पोखरेल**
*पाल्पा*

तिनाउ गाउँपालिकाले चालु आर्थिक वर्षको ८ महिनामा १९ करोड ६२ लाख ४९ हजार रुपैयाँ खर्च गरेर ३६ प्रतिशत प्रगती हासिल गरेको जनाएको छ । पालिकाले दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै पालिकामा चालु आर्थिक वर्षमा ११७ वटा योजना रहेकोमा ८४ वटा सम्झौता भएको २४ वटा सम्पन्न भएका छन । गाउँपालिकाले ८ महिनाको अवधीमा ४ करोड ३ लाख ४६ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । पालिकालाई स्थानीय बालमैत्री युक्त शासन भएको गाउँपालिका घोषणाको लागि ५१ वटा सूचकमध्ये ३० वटा पूरा भएको र २० वटामा काम भइरहेको पालिकाले जनाएको छ । पालिकाले मस्याम मावि, कल्याणी आधारभूत विद्यालयमा छात्राबाससहित विद्यालय सञ्चालन गरेको जनाएको छ ।

८ महिनाको अवधिमा पालिको वडा नं. १ र २ लाई पूर्ण संस्थागत प्रसूतिसेवायुक्त वडा घोषणा गरेको, ६ वटै वडामा आखाँ शिविर सञ्चालन गरी १०९० जनाले सेवा लिएको र १२० जनाको मोतियाविन्दुको पहिचान गरी ८२ जनाको अप्रेशसन भएको, दोभान स्वास्थ्य चौकीमा पेपरलेस प्रणालीको सुरुवात भएको, ८० वर्षभन्दा माथि जेष्ठ नागरिकहरुको घरमै पुगी उपचार सेवा प्रदान गरेको सार्वजनिक सुनुवाइमा जानकारी गराइएको थियो । पालिकाभित्र १३४ वटा मिनिटिलर खरिदको पक्रिया अगाडि बढाएको, १५ वटा कुटानी पिसानी मिलको लागि प्रक्रिया अघि बढेको, विभिन्न वडा कृषक तालिम सञ्चालन गरेको, बेमौसमी तरकारी प्रवर्धन कार्यक्रम गरेको पालिकाले जनाएको छ ।

बुटवल हाटबजारमा तिनाउ कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालन गरी करीब २ करोडको कारोबार गरेको, कृषकहरुलाई विचलौलियबाट बचाउन सफल भएको, पशु सेवाअन्तरगत कृत्रिम गर्भाधान कार्यक्रम, ५० प्रतिशत अनुदानमा रागो वितरण, डोर टु डोर कार्यक्रम भएको, ४ सय ७१ जना कृषकको ९ हजार ७ सय ६१ वटा पशुपंक्षीको उपचार गरेको पालिकाले जनाएको छ । १४ वटा ठूला योजना ठेण्डर गरेर काम भइरहेको पालिकाले सार्वजनिक गरेको छ । सार्वजनिक सुनुवाइ कार्यक्रममा शिक्षा शाखा प्रमुख लक्ष्मी कुँवरले गाउँपालिकाले ८ महिनाको अवधिमा भएका कामहरुको विवरण प्रस्तुत गरेकी थिइन ।

कार्यक्रममा तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले पालिकाको विकास निर्माण, सुशासन तथा पारदर्शीता कायम गर्न सक्रिय भएर काम गरेको बताए । अध्यक्ष श्रेष्ठले २०७९ सालको स्थानीय निर्वाचनमा मतदातासँग गरेको प्रतिबद्धताअनुसार हालसम्म ६० प्रतिशत काम गरेको बताएका छन् । गाउँपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रममा बोल्दै पालिका अध्यक्ष श्रेष्ठले निर्वाचनको क्रममा जनताको घरदैलोमा पुगी गरेको प्रतिबद्धताको ६० प्रतिशत काम गरेको दाबी गरे । 'मसँग अहिले पनि जनतासँग निर्वाचनमा गरेको प्रतिबद्धता र पार्टीको घोषणापत्र साथैमा छ, मतदातासँग गरेको प्रतिबद्धताअनुसार महिनामा के-कती कामहरु भएका छन् भनेर समीक्षा पनि गर्दै आएको र आफ्नो कार्यकाल पूरा हुँदासम्म मतदातासँग गरेको ९० प्रतिशत प्रतिबद्धता पूरा गर्नमा सफल हुने दाबी छ ।'- पालिका अध्यक्ष श्रेष्ठले भने । पालिकाभित्र सुशासन, पारदर्शीता कायम गर्न आफू प्रतिबद्ध भएर काममा खटिएको अध्यक्ष श्रेष्ठले बताए । 'मलाई एक पैसाको लोभ छैन, आफ्नो कार्यकालमा कुनै किसिमको आर्थिक अनियमिताको दाग नलाग्ने गरी अहिलेसम्म काम गर्दै आएको आर्थिक कारोबारबाट समेत टाढै रहने गरेको छु ।'-अध्यक्ष श्रेष्ठले बताए ।

सार्वजनिक सुनुवाइमा सहभागीहरुले जनप्रतिनिधिहरुबाट भाषण मात्र हुने गरेको उपलब्धिमूलक काम नभएको, कृषि कार्यक्रम प्रभावकारी नभएको, कृषिका कार्यक्रमहरु विचौलियासँग मिलेमोतोमा सञ्चालन भएको, वडा नं. ३ र ५ नं. मा प्राविधिकले वडा सचिवको भूमिकाले निर्माणधिन पूर्वाधारहरुमा निगरानी तथा अनुगमन गर्ने समय नहुँदा काममा गुणस्तरहीन बढेको गुनासो गरे ।

अहिलेसम्म वर्षातको समयमा गएको पहिरो पन्छाउने काम नभएको, गाउँ-गाउँमा खानेपानीको समस्या बढेको, गाउँपालिकाले ५० प्रतिशत अनुदानमा दिने कृषि सामग्रीभन्दा बजारमा किनेको सामग्रीहरु सस्तोमा पाउने गरेको, पालिकाभित्रका सबै पक्षलाई सामाजिक सुरक्षामा जोड्नु पर्ने, खोला किनार सबै होटल व्यवसायीले फोहोर खोलामा फाल्दै आएकोले नियन्त्रण गर्नुपर्ने, कृषकहरुलाई व्याजमा अनुदान कार्यक्रम कहिले लागु हुने, खानीको कारण पानीको मुलहरु सुक्दै गएको, तालिम दिएका व्यक्तिहरुलाई पुनः फलोअप तालिम दिनुपर्ने, स्थानीस्तरमा प्रयोग हुने जनशक्तिलाई सोही किसिमको तालिम दिनुपर्ने, जनप्रतिनिधीले गरेका कामहरुको मासिक विवरण सार्वजनिक गर्नुपर्नेमा सहभागीहरुले जोड दिए ।

सार्वजनिक सुनुवाइमा, नेपाली कांग्रेस तिनाउ गाउँ समितिका सभापति प्रेम पाण्डे, एमालेका विकास अर्याल, नेकपा माओवादी केन्द्रका गणेश रास्कोटीले जिल्ला दररेटको कारण उपभोक्ता समितिमा बसेर काम गर्न कठिन भएको, सिद्धबाबा सुरुङमार्ग निर्माण कम्पनीले चलाउँदै आएको क्रसर उद्योग बन्द गर्नु पर्ने, दिनहुँ बढ्दै गएको बसाईसराइलाई रोक्ने कार्यक्रम ल्याउन माग गरे ।

यसैगरी उपभोक्ताहरु खगेन्द्र केसी, होमनाथ भण्डारी, केशव बस्याल, इमानसिंह चिदी, टोपबहादुर विश्वकर्मा, लेखबहादुर कार्की, कमल श्रेष्ठ, अमर तरामु रामबहादुर थापा, दानबहादुर गाहालगायतले बुटवल बिक्री केन्द्रबाट गत वर्ष बिक्री भएको रकम कृषकले अहिलेसम्म नपाएको, बिक्री केन्द्रका कर्मचारीहरु विचौलियासंग मिलेको, पालिकामा गुणस्तरीय शिक्षा नहुँदा बालबालिकाहरु शहर केन्द्रित हुँदै गएको, पालिकामा प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीबिच द्वन्द्व बढ्दा राम्रोसँग काम नभएकोलगायतका सुझाव जिज्ञाषा राखेका थिए ।

कार्यक्रममा उठेका प्रश्न तथा जिज्ञाषाहरुको पालिका अध्यक्ष श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत दिनेश सारु, शिक्षा शाखा प्रमुख लक्ष्मी कुँवर, लेखा शाखा प्रमुख शंकर पुरी, पूर्वाधार शाखाका प्रमुख किसन कुवँर, कृषि शाखा प्रमुख हेमन्त शर्मा, रोजगार शाखा प्रमुख कृष्ण ज्ञवालीलगायतले जवाफ दिएका थिए । सार्वजनिक सुनुवाइ कार्यक्रम पाल्पा विकास केन्द्रका संयोजक किरण कौशलको सहजीकरणमा भएको थियो ।

## नारायणगढ-बुटवल सडकः

# पूर्वी खण्डमा २९ वटा पुल निर्माण

नवलपरासी । नारायणगढ-बुटवल सडक विस्तार योजनाअन्तरगत पूर्वी खण्डमा २९ वटा पुल निर्माण भएको छ । योजनाको पूर्वी खण्ड नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरमा पर्ने २९ वटा पुल निर्माणको काम सकिएको नारायणगढ-बुटवल सडक विस्तार योजनाका सूचना अधिकारी शिव खनालले जानकारी दिए ।

गैंडाकोटदेखि दाउन्नेसम्मको पूर्वी खण्डमा ३४ वटा पुल निर्माण गर्नुपर्नेमा अब पाँच वटा पुल मात्र निर्माणको काम बाँकी छ । यस खण्डमा २५ मिटर लम्बाइ सम्मका छोटा २२ वटा पुल र २५ मिटरभन्दा लामा १२ वटा पुल निर्माण गर्नुपर्नेमा छोटा सबै पुल निर्माणको काम सकिएको छ ।

लामो पुलमा जय श्री र बेल्डियाका दुई वटा पुलमा ढलानको काम बाँकी रहेको सूचना अधिकारी खनालले बताए । यी पुलहरू केही दिनमा ढलानको काम हुनेछन् । ढलान भएका लामा पुल केही सञ्चालनमा आएको र बाँकी रहेका पुलसमेत चाँडै सञ्चालनमा ल्याउने तयारी गरिएको उनले जानकारी दिए ।

दुई सय मिटरभन्दा लामा पुल गिरुवारी खोला, अरुणखोला र विनयी खोलाको पुल निर्माणको कामसमेत अघि बढिरहेको छ । ती पुलमध्ये दुम्किबासमा रहेको विनयी खोलाको पुरानो पुल भाँचिएको कारण अहिले उक्त स्थानका नयाँ पुल निर्माण गर्न लागिएको छ ।

विनयी खोलामा अहिले सवारी डाइभर्सनबाट सञ्चालनमा रहेको र पानी परे समस्या हुनसक्ने भएकाले नयाँ पुल निर्माणलाई प्राथमिकता दिइएको उनले बताए । "दुई सय मिटर लामा तीन वटा पुलमध्ये विनयी खोलामाथि निर्माण हुन लागेको पुल निर्माणमा केन्द्रित छौं, उक्त स्थानमा पुरानो पुल भाँचिएकाले नयाँ पुल चाँडै निर्माण गर्न लागेका छौं, ढिलोमा जेठ पहिलो हप्तामा नयाँ पुलको काम सकेर सवारी चलाउने लक्ष्य छ ।"-सूचना अधिकारी खनालले भने ।

विनयी खोलाको चार वटा स्पानमा काम गर्न बाँकी रहेको उनको भनाइ छ । त्यसका लागि बिमहरू तयार भएकाले लगेर राख्ने र लगत्तै ढलानको तयारी गरिने सूचना अधिकारी खनालले बताए ।

उनका अनुसार यो आर्थिक वर्षमा चोरमारामा रहेको गिरुवारी खोला र अरुणखोलाको पुल बाहेक सबै पुल निर्माण सम्पन्न हुनेछन् । एसियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा २०७५ माघ २४ गते सम्झौता भएर नारायणगढ-बुटवल सडक विस्तारको काम चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालिले गरिरहेको छ । निर्धारित समयमा काम सम्पन्न नभएपछि २०८१ साउन ८ गते सम्मका लागि दोस्रो पटक म्याद थप भएको थियो । यस अवधिमा समेत काम सम्पन्न भएपछि गत साउनमा २०८२ साउन ८ गतेसम्मका लागि तेस्रो पटक म्याद थप गरिएको छ । यस अवधिमासमेत काम सकिने अवस्था लगभग टरेको छ ।

एक सय १३ किलोमिटर सडकमध्ये ७० किलोमिटर चार लेन, २९ किलोमिटरमा चार लेनसहित दुवैतर्फ छ/छ मिटरको 'सर्भिस लेन' हुनेछ भने दाउन्नेमा १४ किलोमिटर तीन लेनको सडक हुनेछ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com